नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
योजना तथा डिजाईन महाशाखा
(योजना अनुगमन तथा मुल्यांकनइकाई)

ई-मेल: pmeunit@dor.gov.np
फ्याक्स:(९७७)-१-५५२९१०६
फोन नं.:- ५५२९०७५

पत्र संख्या: पि.एम.ई.यू. (२) ०७४/७५
च.नं.: ००३८

हाल: चाकुपाट, ललितपुर ।
मिति:- २०७४/०५/०५

**बिषय:- आयोजना हस्तारण सम्बन्धमा ।**

श्री स.वि. संभार महाशाखा ।
श्री स.वि. बैदेशिक महाशाखा ।
श्री स.बि. पूर्वान्चल क्षेत्रिय निर्देशनालय, दमक, झापा ।
श्री स.बि. मध्यमान्चल क्षेत्रिय निर्देशनालय, बबरमहल ।
श्री स.बि. पश्चिमान्चल क्षेत्रिय निर्देशनालय, पार्दी, पोखरा ।
श्री स.बि. मध्य-पश्चिमान्चल क्षेत्रिय निर्देशनालय, बिरेन्द्रनगर, सुर्खेत ।
श्री स.बि. सुदूर-पश्चिमान्चल क्षेत्रिय निर्देशनालय, डोटी ।

"अर्थ मन्त्रालयको च.नं. ४६ मिति २०७४/४/२६ को आयोजना हस्तान्तरण सम्बन्धि पत्र यसैसाथ संलग्न छ । व्यहोरा पत्रबाट अबगत गर्नु भई सोहि अनुसार गर्न गराउनु हुन आदेशानुसार अनुरोध छ" भनि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, योजना शाखाको प.सं. २.१/०७४/७५ च.नं. १०८ मिति २०७४/५/१ को पत्रबाट लेखि आएकोले सोहि अनुसार गर्न/गराउन हुन संलग्न अर्थ मन्त्रालयको पत्रको छाया प्रति यसैसाथ संलग्न गरि पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध गरिन्छ ।

( नारायण प्र. लामिछाने )
इकाई प्रमुख

PMEU-00186

074-5-5

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

(योजना शाखा)

फोन नं. ४२११८८०, ४२११९३१, ४२११६५५
फ्याक्स: ४२११७२०
सिंहदरबार, काठमाडौं
URL: www.mopit.gov.np
email: info@mopit.gov.np

प.सं.: २.१।०७४/७५
च.नं. १०८

मिति २०७४/५/०१

दर्ता नं:- ८५८
मिति:- ०७४।५।५

विषय:- आयोजना हस्तान्तरण सम्वन्धमा ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
मूल दर्ता नं.: ८९९
मिति: ०७४।५।४

श्री सडक विभाग, ललितपुर ।
श्री यातायात व्यवस्था विभाग, बानेश्वर ।
श्री रेल विभाग, बतिसपुतली ।
श्री काठमाडौं दिगो शहरी यातायात आयोजना, बबरमहल ।
श्री सडक बोर्ड नेपाल, बानेश्वर ।

अर्थ मन्त्रालयको च.न.४६ मिति २०७४/४/२६ को आयोजना हस्तान्तरण सम्वन्धी पत्र यसैसाथ संलग्न छ । व्यहोरा पत्रवाट अवगत गर्नु भई सोही अनुसार गर्न गराउनु हुन आदेशानुसार अनुरोध छ ।

राजेश उप्रेती
शाखा अधिकृत

श्री योजना महाशाखा
५/५

श्री PMEU
५/५

श्री प्रमुख... ५/५

नेपाल सरकार
# अर्थ मन्त्रालय
(बजेट तथा कार्यक्रम महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ०७४/०७५
च. नं.:- ४६

योजना महाशाखा
द.नं. ९५१
मिति ४.५.२

मितिः २०७४/०४/२६

**बिषयः आयोजना हस्तान्तरण सम्बन्धमा।**

भौतिक पुर्वधार तथा यतायात मन्त्रालय
दर्ता नं.:- ६६४
मिति:- ४/२५

श्री सिंचाई मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

उपर्युक्त विषयमा तहाँ मन्त्रालयको प.सं. ०७४/७५ च.नं. ०३ मिति २०७४/४/५ को पत्र प्राप्त भयो।

तत्सम्बन्धमा विनियोजन ऐन, २०७४ को दफा ५ बमोजिम स्थानीय तहमा योजना वा कार्यक्रम हस्तान्तरण सम्बन्धमा नेपालको संविधानको अनुसूचि ८ बमोजिम स्थानीय तहको अधिकारको सूचि भित्रको विषयमा नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन गर्ने गरी विनियोजन भएको योजना वा कार्यक्रममध्ये गाउँपालिका भित्रको भए ५० लाखसम्म, नगरपालिका भित्रको भए १ करोडसम्म र उपमहानगरपालिका वा महानगरपालिका भित्रको भए २ करोडसम्म विनियोजन भएका योजना वा कार्यक्रम विनियोजन भएको निकायले सम्बन्धित गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकाले कार्यान्वयन गर्ने गरी हस्तान्तरण गर्ने व्यवस्था गरेको छ। सोही व्यवस्था अनुरुप आर्थिक वर्ष २०७४/७५ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुँदा नं. ४ मा उल्लेख गरी कार्यान्वयनका लागि पठाइसकिएको छ। उक्त व्यवस्थाका सम्बन्धमा त्यहाँबाट उठाइएका विषयहरुमा निम्नानुसार स्पष्ट गरी सम्बद्ध सबै निकायको आवश्यक जानकारीको लागि पठाइएको व्यहोरा नेपाल सरकार (मा. अर्थमन्त्रीस्तर) मिति २०७४/४/१५ को निर्णयानुसार अनुरोध गर्दछुः-

(क) आयोजना हस्तान्तरणको विषयमा आयोजनाको कुल लागत नभइ चालु आर्थिक वर्षको विनियोजन बजेटको हकमा लागु हुने हो। तसर्थ कुनै एक स्थानीय तहमा संचालन हुने माथि उल्लेखित रकम सम्मका आयोजनाहरु स्थानीय तहलाई हस्तान्तरण गर्ने,

(ख) बहुवर्षिय प्रकृतिका आयोजनाहरु भए पनि विनियोजन ऐन, २०७४ को दफा ५ को उपदफा १ र मार्गदर्शनको बुँदा नं. ४ को सीमाभित्रका योजना/ कार्यक्रमहरु हस्तान्तरण गर्ने,

(ग) ठेक्कापट्टा लागेको हकमा जहाँ जसरी कार्यान्वयन गर्ने गरी ठेक्का भएको छ त्यहीबाटै संचालन गर्ने।

(घ) एकभन्दा बढी स्थानीय तहमा कार्यान्वयन भईरहेका र वैदेशिक सहायतामा संचालित आयोजनाहरु हाललाई विषयगत मन्त्रालयले नै कार्यान्वयन गर्ने,

(ङ) नेपालको संविधान बमोजिम प्रदेशको अधिकार (अनुसूचि-६) सूचिभित्रको योजनाहरु हाललाई विषयगत मन्त्रालयले नै कार्यान्वयन गर्ने।

(च) वैदेशिक सहायतामा संचालित परियोजनाहरुको हकमा समेत यसै अनुसार हुने तर परियोजना लेखा साविक बमोजिम मन्त्रालय/परियोजना कार्यालयले राख्ने।

श्री योजना महाशाखा
कार्यार्थ सडक विभाग पठाउने

(राम बहादुर के.सी.)
शाखा अधिकृत

श्री योजना शाखा

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np